*" शिक्षा स्वास्थ्य र पूर्वाधार समुन्नत पुतलीबजारको आधार "*

# पुतलीबजार नगरपालिका

## आर्थिक वर्ष २०८२/८३

**१२५ औं कार्यपालिका वैठकको**

## प्रस्ताव तथा निर्णयहरु :

**२०८२/०८/१९ , शुक्रबार**

**पुतलीबजार नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

प्रगतिनगर, स्याङ्जा

## १२५ औं कार्यपालिका बैठकको एजेण्डाहरुः

१. चण्डीस्थान मन्दिर र कोटकालिका मन्दिरको पूजा खर्च सम्बन्धमा ।

२. वडा नं. ४ निवासी कमलपति गौतमको छोरा प्रतिक गौतमको अङ्ग प्रत्यारोपणका लागि आवश्यक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

३. प्रगतिनगर बहाकोट सडकखण्डको दायाँ-बायाँ क्षेत्रमा रहेका देहाय बमोजिमका आयोजनाको लागत अनुमान स्वीकृत गरी कार्यान्वयन गर्ने सम्बन्धमा ।

| क्र.स | योजनाको नाम / विवरण | रकम (रु.) |
|---|---|---|
| १ | भयरस्थानदेखि कोटकालिका जाने बाटो | २८,८३१.९५ |
| २ | लात्रेपिपल जाने बाटो | ३,८३,६२४.१० |
| ३ | श्री जनजागृति आधारभूत विद्यालय जाने पहुँचमार्ग | ४२,४४२.८६ |
| ४ | बहाकोट जाने पुरानो गोरेटो बाटो | ३३,७१९.२५ |
| ५ | टावरको तल—माथिको बाटो निर्माण | ३७,२६३.९२ |
| ६ | बहाकोट सडक निर्माणका क्रममा उत्पादित माटो व्यवस्थापनका लागि राखिएको सुरेन्द्र श्रेष्ठको जग्गाको व्यवस्थापनका लागि जाली सम्बन्धमा | ५,४०,१५९.२७ |

४. नगरसभाको हिउँदे अधिवेशनको मिति तोक्ने सम्बन्धमा ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा कार्यालयहरूबाट सिफारिस भई आएबमोजिमका योजनाहरू स्वीकृत गरी कार्यक्रम अगाडि बढाउने सम्बन्धमा ।

६. सङ्घीय सशर्त अनुदान अन्तर्गत वडा नं. १३ को स्वास्थ्य चौकी, वडा नं. १३ को वडा कार्यालयसँग रहेको खाली जग्गामा निर्माण कार्य अगाडि बढाउने सम्बन्धमा ।

७. वडा नं. ८ मा रहेको स्वास्थ्य चौकी पुरानो भई सेवा प्रवाहमा अप्ठ्यारो भएकाले पुरानो स्वास्थ्य चौकी भएकै स्थानमा स्वास्थ्य चौकी निर्माण गर्ने सम्बन्धमा ।

८. गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरा नेपालको मिति २०८२/०८/०९ मा प्रकाशित सूचनाबमोजिम मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने सम्बन्धमा ।

९. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने सम्बन्धमा ।

१०. पुतलीबजार वडा नं. ४ आदर इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.का प्रोप्राइटर दर्पण पोखरेलको माग निवेदनबमोजिम 'घ' वर्गको इजाजतपत्र सम्बन्धमा ।

११. शिक्षा समितिले विभिन्न समयमा गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।

१२. एन.बि.सी. प्रज्ञा मल्टिपर्पज कम्पनी (N.B.C. Pragya Multi-Purpose Company) का प्रोप्राइटर नारायणी बुढाथोकीले सम्झौताअनुसार विभिन्न कारण देखाई २०८२/०७/३० सम्म सामान आपूर्ति गर्न

समस्या परेको भनी दिएको निवेदनलगायत तपसिलका आयोजना तथा सम्झौताको म्याद थप / अनुमोदन सम्बन्धमा ।

तपसिलः

क) बाख्रा खरिद तथा ढुवानी ठेक्काको म्याद थपको अनुमोदन

ख) सडक बत्ती जडान ठेक्काको म्याद थपको अनुमोदन

ग) टापु सिँचाइ योजनाको म्याद थप

१३. सङ्घीय विशेष अनुदान अन्तर्गत विनियोजित रकम अनुसार मालेबगर खेलमैदानको कार्य अगाडि बढाउने सम्बन्धमा ।

१४. सङ्घीय समपुरक अनुदान अन्तर्गत विनियोजित वैदि आमडाँडा सतौं चण्डीस्थानको सडक स्तरोन्नति गर्ने कार्य अगाडि बढाउने सम्बन्धमा ।

१५. १७औं नगरसभाबाट कुलबाँध पौडेल गाउँ कुलो तथा नाला निर्मण मर्मत योजना शीर्षकमा बजेट विनियोजन भएकोमा स्थानीय उपभोक्ता समितिको निर्णय तथा वडा नं. १३ को कार्यालयको सिफारिसबमोजिम योजनाको नाम संशोधन गरी कुलबाँध छेंडी सिँचाइ कुलो मर्मत कायम गर्ने सम्बन्धमा।

१६. वडा नं. १३ र वडा नं.७ को स्वास्थ्य चौकी भवन मर्मत सम्बन्धमा ।

१७. विविध

..........................

तुलसीराम रेग्मी

नगर प्रमुख

तुलसी राम रेग्मी
नगर प्रमुख

२०८२ मङ्सिर १९ गते शुक्रबार

## १२५ औं कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १**

वडा नं. १४ मा रहेको चण्डीस्थान मन्दिर र कोटकालिका मन्दिरमा बडादशैं २०८२ को अवसरमा नवदुर्गाको पूजा सञ्चालन गर्दा खर्च भएको बिल भरपाई बमोजिमको रकम रु १,२८,०७४ (एक लाख अठ्ठाइस हजार चौरहत्तर रुपैयाँ) वडा कार्यालयको सिफारिस समेतका आधारमा संस्कृति संरक्षण तथा प्रवर्द्धन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. २**

वडा नं. ४ को गौतमडाँडा निवासी कमल प्रसाद गौतमको छोरा श्री प्रतीक गौतमको दुवै मृगौला फेल भएको र निजको आर्थिक अवस्था समेत कमजोर रहेको भनी वडा नं. ४ को कार्यालयबाट सिफारिस भई आएकोले निजको मृगौला प्रत्यारोपणको सहयोग स्वरूप स्वास्थ्य उपचार शीर्षकबाट भुक्तानी गर्ने गरी रु ५०,००० (रु पचास हजार मात्र ) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ३**

प्रगतिनगर-बहाकोट सडकखण्डको दायाँ-बायाँ क्षेत्रमा रहेका देहाय बमोजिमका आयोजनाहरूको पेस हुन आएको देहाय बमोजिमको लागत अनुमान स्वीकृत गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो।

देहायः

| क.स | योजनाको नाम / विवरण | रकम (रु.) |
|---|---|---|
| १ | भयरस्थानदेखि कोटकालिका जाने बाटो | २८,८३१.९५ |
| २ | लात्रेपिपल जाने बाटो | ३,८३,६२४.१० |
| ३ | श्री जनजागृति आधारभूत विद्यालय जाने पहुँचमार्ग | ४२,४४२.८६ |
| ४ | बहाकोट जाने पुरानो गोरेटो बाटो | ३३,७१९.२५ |
| ५ | टावरको तल—माथिको बाटो निर्माण | ३७,२६३.९२ |
| ६ | बहाकोट सडक निर्माणका क्रममा उत्पादित माटो व्यवस्थापनका लागि राखिएको सुरेन्द्र श्रेष्ठको जग्गाको व्यवस्थापनका लागि जाली व्यवस्थापन कार्य | ६,०९,६७५.७३ |

**निर्णय नं. ४**

पुतलीबजार नगरपालिकाको नगरसभाको हिउँदे अधिवेशन मिति २०८२/०९/२१ गते सोम बार दिनको ११ बजे सिटिहल, स्याङ्जामा आह्वान गर्ने निर्णय गरियो।

........................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

........................
तुलसी राम रेग्मी
नगर प्रमुख

तुलसी राम रेग्मी
नगर प्रमुख

२०८२ मङ्सिर १९ गते शुक्रबार

निर्णय नं. ५

रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) बाट प्राप्त लाभग्राहीको विवरणमा नामावली भएका लाभग्राहीलाई रोजगारीमा खटाई, वडाबाट प्राप्त योजनाहरू प्राविधिक लागत अनुमान पश्चात् सङ्घीय सरकारबाट प्राप्त बजेट एवं पालिकाबाट विनियोजित रकमलाई समेत ज्यालामा खर्च गर्ने गरी वडाबाट प्राप्त तपसिल बमोजिमका योजनाहरू क्रमशः सञ्चालन गर्ने निर्णय गरियो।

तपसिल

| वडा नं | क.स | योजनाको नाम | कैफियत |
|---|---|---|---|
| २ | १ | घुम्ती चिसापानी सडकको ज्यामिरे डाँडा सम्मको बिच खण्ड पक्की मोटर बाटो सरसफाई | |
| ३ | १ | सामग्रीचोक हमालडाँडा सडक नाला सरसफाई | |
| | २ | सामग्रीचोक गोदार गाँए इन्द्रेश सडक नाला सरसफाई | |
| | ३ | बाडखोला चम्फापानी दुग्यान्न ढडुवा लत्रेपिपल सडक नाला सरसफाई | |
| | ४ | गोदेगोदे देउराली कुमालगाँउ हस्पिटल हुँदै पुतलीखेल सडक नाला सरसफाई | |
| | ५ | धारापानी देवानचोक पुतलीखेत सडक नाला सरसफाई | |
| ४ | १ | हरिपाला देखि स्वास्थ्य चौकी जाने बाटो मर्मत तथा सरसफाई | |
| | २ | पुतलीखेत उनियाचौर पक्की सडक मर्मत तथा सरसफाई | |
| | ३ | रामकोष थापाडाँडा हुदैं स्वाँरा कच्ची सडक मर्मत तथा सरसफाई | |
| ५ | १ | बाडखोला दुलेगौंडा सडक अन्तर्गत लत्रेपिपल नयाँबार गौंडे हुँदै टक्सार सम्मको मोटर बाटो मर्मत | |
| | २ | बाडखोला दुलेगौंडा पौवैगौडे पोखरा सडक अन्तर्गत हट्टिया देखि बक्रेक सम्मको मोटर बाटो मर्मत | |
| ६ | १ | काउले जिरो देखी डाँडे खेल्लनी सम्मको नाला सरसफाई | |
| ७ | १ | नयाँबजार र्याले वडा कार्यालय मसर्का मोटरबाटो नाली मर्मत तथा सरसफाई | |
| | २ | मसर्का हुदिभन्ज्याङ मोहोरिया हुँदै दुलेगौंडा मोटरबाटो नाली मर्मत तथा सरसफाई | |
| ८ | १ | घुम्ती दयाङ्दी काहुले चिसापानी मोटर बाटो सरसफाई | |
| | २ | गैडाकोट कैलास गुफा मोटर बाटो सरसफाई | |
| ९ | १ | कोल्मा दहखोला काल्खु विसौना मोटरबाटो | |
| | २ | ठूलोबन पोखरीछाप थुम्कीडाँडा मोटरबाटो | |

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | ३ | डाँडा स्वारा नाम्चे काल्खु राम्चे मोटरबाटो | |
| १२ | १ | जाडखोला पेल्काचौर गुमार्दी ग्रा स | |
| १३ | १ | छिँडी कुलबाँध लाम्पाटा मोटर बाटो नाला मर्मत तथा सरसफाई | |
| | २ | तोरीखोला छहारीखोला मोटरबाटो मर्मत तथा सरसफाई | |
| १४ | १ | पुतलीखेत आरुचौर मोटर बाटो पुतलीखेत सतौं मैदान खण्ड नाली र झाडी सरसफाई | |
| | २ | राहाले चण्डीस्थान मोटर बाटो सरसफाई नाली सफाई कार्य | |
| | ३ | विफ्रे खर्सु मोटर बाटो सरसफाई नाली सफाई कार्य | |
| | ४ | मैदान चण्डीस्थान मोटर बाटो सरसफाई कार्य | |
| | ५ | पाल्लेखर्क ठूलापँधेरा मोटर बाटो सरसफाई कार्य | |

(पुनश्च: वडा नं १ बाट प्राप्त त्रिभुवन आदर्श मा.वि र मजुवा बिचको (५०मि) गो बा सरसफाई योजनालाई अन्य आन्तरिक श्रोत मार्फत योजना कार्यान्वयन गरिनेछ ।)

**निर्णय नं. ६**

आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अन्तर्गत खर्च शीर्षक नं. ३११११२ मा "सातुपसल स्वास्थ्य चौकी भवन निर्माण" योजनामा रकम रु ३९,००,०००.०० विनियोजन भएकोमा एक तले नयाँ भवन निर्माणका लागि रकम रु. ५३,८८,३५४.४१ बराबरको लागत अनुमान तयार भएको हुँदा उक्त लागत अनुमान स्वीकृत गरी बाँकी हुन आउने रकम आगामी आर्थिक वर्ष २०८३/८४ मा विनियोजन गर्ने गरी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ७**

मिति २०८२/०८/०८ गते वडा नं. ८ का अध्यक्ष श्री ईम बहादुर सेनज्यूको अध्यक्षतामा बसेको स्वास्थ्य चौकी व्यवस्थापन समितिको सिफारिस अनुसार वहाकोट स्वास्थ्य चौकी पुरानो भई सेवा प्रवाहमा समस्या भएकोले सोही स्थानमा पुनर्निर्माण गर्ने निर्णय सहित आएकोले पुरानो स्वास्थ्य चौकी रहेको जग्गामा दुई तले स्वास्थ्य चौकी निर्माणका लागि रकम रु. ५१,१६,११५.४० बराबरको लागत अनुमान तयार भएको हुँदा सो लागत अनुमान स्वीकृत गरी आगामी हिउँदे सभाबाट रकम रु. २०,००,०००.०० विनियोजन गर्ने र बाँकी रहेको रकम आगामी आर्थिक वर्ष २०८३/८४ मा विनियोजन गर्ने गरी बहुवर्षीय ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

............................
तुलसी राम रेग्मी
नगर प्रमुख

२०८२ मङ्सिर १९ गते शुक्रबार

निर्णय नं. ८

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश, पोखराबाट मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनका लागि मिति २०८२/०८/०९ गतेको सूचनाबाट प्रस्ताव माग गरिएकोमा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२ को अनुसूची - ४ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी पेस गर्ने र सो कार्यक्रम सञ्चालन गर्दा नगरपालिकाबाट साझेदारी गर्नुपर्ने लागत साझेदारिताका लागि नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा सडक बोर्ड, झोलुङ्गे पुल लगायत सङ्घ, प्रदेश सरकारसँग साझेदारी लगायत क्रमागत योजना भुक्तानी शीर्षकमा विनियोजन भएको रकमबाट साझेदारी रकम बेहोर्ने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ९

आर्थिक वर्ष २०८२/८३ को विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आगामी २०८२/०८/२५ गतेदेखि २०८२/०८/२८ गतेसम्म मालेबगर खेल मैदानमा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

पुतलीबजार वडा नं. ४ स्थित आदर इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.का प्रोप्राइटर दर्पण पोखरेलले 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्रका लागि आवश्यक कागजात सहित निवेदन पेश गरेकोले निजलाई नियमानुसार 'घ' वर्गको इजाजतपत्र उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ११

आर्थिक वर्ष २०८२/८३ मा मिति २०८२/०४/१७ गते, २०८२/०५/१५ गते २०८२/०६/२७ गते बसेको नगर शिक्षा समितिले गरेका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १२

यस नगरपालिकामा हाल संचालनमा रहेको तपसिल वमोजिमको आयोजनाहरुको लागी निर्माण व्यवसायीले पेश गरेको निवेदनमा उल्लेखित समस्याको आधारमा देहाय वमोजिम म्याद थप गर्ने निर्णय गरियो।

| क्र.स | आयोजनाको नाम | ठेक्का नं | थप भएको समय अवधी | थप गर्नुपरेको कारण |
|---|---|---|---|---|
| १. | Construction of Taapu Irrigation | 09/PM/NCB /WORKS /081/82 | २०८२/०९/३० सम्म | निर्माण स्थलमा पानी बग्ने गरेको साथै धान खेती भएको |

धर्मराज ढुगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

तुलसी राम रेग्मी

| | | | | |
|---|---|---|---|---|
| | Project(second phase) | | | हुँदा निर्माण कार्यमा कठिनाई भएको हुँदा |
| २. | Sadak Batti Samagri Kharid Putalibazar Nagarpalika | 12/PM/NCB/GOODS/082/83 | २०८२/०८/२९ सम्म | खरिद अन्तर्गतका सामग्री फ्याक्ट्रीमा बनाई उपलब्ध गराउन समय नपुगेको हुँदा |
| ३. | Supply and delivery of Goats for Putalibazar Municipality | 16/PM/SQ/GOODS/082/83 | २०८२/०९/०१ सम्म | बोका तथा पाठीहरुको ट्यागिङ्ग गर्ने कार्य नसकिएको हुँदा |

निर्णय नं. १३

आ.व.२०८२/८३ मा राष्ट्रिय योजना आयोगबाट विशेष अनुदान मार्फत स्थानीय तहबाट कार्यान्वयन हुनका लागी यस नगरपालिकाको "मालेबगर कभर्ड हल, खेल मैदान, फोहोर मैला केन्द्र, बधशाला संरक्षणका नहर व्यवस्थापन गर्न ३ वर्षीय योजनाका लागी रु २,९२,००,०००.०० विनियोजन भएको र चालु आर्थिक वर्षको लागि रु ३७,००,०००.०० उपलब्ध भएकोले उक्त आयोजना कार्यान्वयनका लागी नहर निर्माण, नहर छेउमा सडक निर्माण, नहर घेराबार, खेलकुद मैदानमा वार्खायामको पानी व्यवस्थापनका लागी मैदान निर्माण तथा नाला व्यवस्थापन, स्ल्याब कल्भर्ट निर्माण कार्य साथै सो क्षेत्रमा शौचालय निर्माण र पौडी पोखरी निर्माणका लागी रकम रु. ३,८८,५९,४००.८१ बराबरको लागत अनुमान तयार भएको हुँदा संघीय विशेष अनुदानमा विनियोजित रकम भन्दा बढी रकम आगामी आर्थिक वर्षका नगर सभाको अधिवेशनहरुमा विनियोजन गर्ने गरी मिति २०८५/०२/३२ सम्म म्याद कायम गरी बहुवर्षीय ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. १४

आ.व.२०८२/८३ मा राष्ट्रिय योजना आयोगबाट समपूरक अनुदान मार्फत स्थानीय तहबाट कार्यान्वयन हुनका लागी यस पुतालीबजार नगरपालिकामा अवधि २ वर्ष रहने गरी रकम रु. ६,९८,००,०००. ०० बराबरको आमडाँडा, वडा नं १४ को वडा कार्यालय हुँदै सतहुँ मैदान सडक निर्माणका लागी छनौट भएको र हाल नगरपालिकामा रकम रु. ९०,००,०००.०० उपलब्ध भएको र नगरपालिकाले रकम रु. १,३५,००,०००.०० विनियोजन गरेकोले उक्त आयोजना कार्यान्वयनका लागी वडा नं १४को वडा कार्यालय, आमडाँडा हुँदै सतहुँ मैदान सम्म निर्माण बाँकी रहेको १९४० मि सडक प्रिमिक्स सर्फेसिंग निर्माणको कार्य लागी रकम रु. १०,२७,४०,६७६.९३ बराबरको लागत अनुमान तयार भएको हुँदा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१को अनुसूची-३ वमोजिम नगरपलिका तर्फको स्वीकृत रकमको न्युनतम ६०% लागत सहभागिता र लागत अनुमानबाट थप भएको रकम आगामी आर्थिक वर्षहरुमा विनोयोजन गर्ने गरी मिति २०८५/०२/३२ सम्म म्याद कायम गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

..............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..............................
तुलसी राम रेग्मी
नगर प्रमुख

२०८२ मङ्सिर १९ गते शुक्रबार

**निर्णय नं. १५**

आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन गर्ने गरी कुलबाँध पौडेल गाँउ कुलो तथा नाला मर्मत योजनाको नाममा रकम रु. १,००,०००।(अक्षेरुपी एक लाख) बिनियोजन भएकोमा स्थानीय उपभोक्ताको मिति २०८२/०८/१५ गतेको भेलाको निर्णय अनुसार कुलबाँध छेंडी सिंचाई कुलोको मुहानमा तारजाली लगाउने कार्य गर्ने गरी उक्त योजनाको नाम संशोधन गरिदिनुहुन भनी १३ नं. वडा कार्यालयको मिति २०८२/०८/१६ गते च. नं. ८५९ को पत्रबाट सिफारिस भइ आएकोमा वडा कार्यालयको सिफारिस समेतका आधारमा आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी उक्त योजनाको नाम कुलबाँध छेंडी सिंचाई कुलो मर्मत कायम गरी कार्य अगाडि निर्णय गरियो ।

**निर्णय नं. १६**

वडा नं. १३ मा रहेको सातुपसल स्वास्थ्य चौकी, हिरापाटा स्वास्थ्य चौकी र वडा नं. ७ को ठुलाडिही स्वास्थ्य चौकी पुरानो भई छतबाट पानी चुहिने, झ्यालढोका, शौचालय, स्नानकक्षमा पानी चुही सेवा प्रवाहमा अप्ठ्यारो परेको हुँदा उक्त स्वास्थ्य चौकीहरूको मर्मत कार्य अगाडि बढाउनका लागि तयार गरिएको देहाय बमोजिमको लागत अनुमान स्वीकृत गरी मर्मत कार्य अगाडि बढाउने र उक्त रकम निर्मित भवनको संरचनागत सुधार शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

तपसिल :

| क्र.स | स्वास्थ्य चौकीको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १. | सातुपसल स्वास्थ्य चौकी, पुतलीबजार नगरपालिका, वडा नं १३ | ९,५७,३०८.६६ | |
| २. | ठुलाडिही स्वास्थ्य चौकी, पुतलीबजार नगरपालिका, वडा नं ७ | १८७,४५८.२८ | |
| ३. | हिरापाटा स्वास्थ्य चौकी, पुतलीबजार नगरपालिका, वडा नं १३ | २७,७१२.५७ | |

**निर्णय नं. १७**

चालु आर्थिक वर्ष २०८२/८३ को लागि वडा नं. ७ अन्तर्गत रहेको हुदिखोला कल्भर्ट निर्माणका लागि नगरपालिकाबाट रु १७ लाख विनियोजन भएकोमा उक्त विनियोजित रकमबाट कल्भर्ट निर्माण कार्य सम्पन्न हुन नसक्ने देखिएकोले लागत अनुमान अनुसार नपुग हुने रकम आगामी नगरसभाबाट थप गर्ने गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १८ :**

यस नगरपालिकाबाट आव्हान गरिएको शिलबन्दी दरभाउपत्र Tunnel Plastic Kharid Karya (ठेक्का नं.: १८/PM/SQ/GOODS/०८२/८३) मा टनेल प्लाष्टिक (१२० जी.एस.एम, १२*६ वर्ग मि.) को २२६ थान र टनेल प्लाष्टिक (१२० जी.एस.एम, १४*८ वर्ग मि.) को ३ थान खरिद

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगरप्रमुख

२०८२ मङ्सिर १९ गते शुक्रबार

गरिएकोमा वडा नं. ४,११ र १४ बाट प्राप्त निवेदनहरु छुट हुन गएकोले उल्लेखित वडाहरुबाट निवेदन दिएका कृषकहरुको माग बमोजिम टनेल प्लाष्टिक(१२० जी.एस.एम., १२*६वर्ग मि.)को थप १३० थान खरिद गर्ने निर्णय गरियो ।

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख